दस्तावेज
प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले संयुक्त राष्ट्रसंघको महासभामा गरेको सम्बोधनको पूर्णपाठ: २

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २४८ ❑ २०८३ असोज १० गते शनिबार ❑ Saturday, 26 Sept. 2026 ❑ मूल्य ७ /-

प्रम बालेनद्वारा युएनमा सम्बोधन

दमक । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा गरेको सम्बोधन अहिले नेपालमा चर्चा, बहस र प्रशंसाको विषय बनेको छ । उनले उठाएका विषयलाई लिएर नेपालका राजनीतिज्ञ, प्रबुद्ध व्यक्तित्व, विश्लेषकहरूले प्रशंसा गरेका छन् । सो मञ्चबाट प्रम बालेनले जलवायु संकट र भोटेकोशी-त्रिशूली विपद्लाई केन्द्रमा राख्दै उनले नेपालको अवस्था मात्र प्रस्तुत गरेनन्, त्यससँग जोडिएका विश्वव्यापी असमानता, आपूर्ति प्रणाली, जलवायु न्याय, रोजगारी र सामाजिक सुरक्षाका विषयसमेत अन्तर्राष्ट्रिय मञ्चमा उठाए । सो मञ्चबाट उनले उठाएका केही महत्वपूर्ण प्रस्तावित बुँदाहरू ।

- जलवायु संकट सामना गर्न नेपाल, भारत र चीनबीच 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' बनाउने ।
- जोखिमयुक्त हिमतालको संयुक्त अनुगमन र हिमालय क्षेत्रमा साझा पूर्वसूचना प्रणाली विकास गर्ने ।
- हिमाली विपद्का बेला नेपाल, भारत र चीनबीच सीमापार उद्धार तथा विपद् व्यवस्थापनमा सहकार्य गर्ने ।
- जलवायु विपद्बाट प्रभावित मुलुकलाई ऋणको बोझ होइन, पर्याप्त अनुदानमा आधारित सहयोग उपलब्ध गराउने ।
- जलवायु क्षति व्यहोर्ने मुलुकका लागि 'लस एन्ड ड्यामेज' वित्तीय संयन्त्रलाई प्रभावकारी बनाउने ।
- जलवायु परिवर्तनको बढी जिम्मेवारी रहेका र बढी क्षमता भएका मुलुकले बढी जिम्मेवारी वहन गर्ने ।
- विपद् आएपछि उद्धार गर्नेभन्दा विपद् आउनुअघि नै पूर्वसूचना र तयारीमा लगानी बढाउने ।
- बाढी, पहिरो र जलवायुजन्य विपद् सामना गर्न बलिया र उत्थानशील पूर्वाधार निर्माण गर्ने ।
- किसानले आवश्यक समयमा मल पाउने गरी विश्वव्यापी आपूर्ति प्रणालीलाई सहज र न्यायपूर्ण बनाउने ।
- परिवारको दैनिक आवश्यकताका लागि इन्धन सहज रूपमा उपलब्ध हुने विश्वव्यापी आपूर्ति प्रणाली सुनिश्चित गर्ने ।
- जलविद्युत् र स्वच्छ ऊर्जाको विस्तार गर्दै जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने।
- जलवायु जोखिम घटाउन बीमा, नवप्रवर्तन र पूर्वतयारीमा लगानी बढाउने।
- युवालाई आफ्नै देशमा सम्मानजनक रोजगारी र नागरिकलाई सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने।
- जलवायु न्यायलाई आर्थिक क्षतिपूर्तिसँगै निर्णय प्रक्रियामा सहभागिता र भावी पुस्ताको अधिकारसँग जोड्ने।

सम्बोधनको पूर्ण पाठ पेज नं. २ मा

कांग्रेस महाधिबेशन :

झापाका १५ वटै पालिकामा नेतृत्व चयन

✍ विष्णु सुब्बा

दमक/ नेपाली कांग्रेसको १५ औं महाधिवेशन अन्तरगत झापाका १५ वटै पालिकामा नयाँ नेतृत्व चयन भएको छ ।

कांग्रेस केन्द्रीय निर्वाचन कार्यक्रम अन्तगर्त भएका पालिका अधिवेशन बाट ७ नगर र ८ वटा गाउँपालिकामा नयाँ नेतृत्व चयन भएको हो ।

जसअनुसार कांग्रेस मेचीनगर सभापतिमा योगेन्द्र थापा मगर, बुद्दशान्तिको सभापतिमा मदनकुमार प्रसाईं, अर्जुनधारा नगर सभापतिमा भिष्म मिश्र, बिर्तामोड नगर सभापतिमा कुलप्रसाद संग्रौला, भद्रपुर नगर सभापतिमा बन्धु कार्की चुनिएका छन् ।

यसैगरि, कचनकवल गाउँपालिका सभापतिमा तुलाराम अधिकारी ,हल्दिवारी गाउँपालिका सभापतिमा गंगाप्रसाद प्रसाईं, बाह्रदशी पालिका सभापतिमा इन्द्रबहादुर बस्नेत, झापा गाउँपालिका सभापतिमा सागिरथ गणेश, कन्काई नगर सभापतिमा दुर्गाप्रसाद प्रसाईं, शिवसतासी नगर सभापतिमा अशोक बस्नेत चयन भएको कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जनाएका छन् ।

दमक सभापतिमा खनाल निर्वाचित

नेपाली कांग्रेस दमक नगर समितिको सभापतिमा युवराज खनाल (सागर) निर्वाचित भएका छन् ।

वर्तमान उपसभापति रहेका खनालले १६५ मतसहित सभापतिमा निर्वाचित भएका हुन् । सभापतिमा उनीसहित तीन जना उम्मेदवार निर्वाचनमा प्रतिष्पर्धामा रहेका थिए ।

निर्वाचनमा राजेन्द्र सिटौलाले १३९ मत प्राप्त गरे भने प्रेम भट्टराईले ५९ मत प्राप्त गरेका थिए । विजेता खनाल कांग्रेस दमक नगर उपसभापति हुन भने सिटौला दमक ४ का निर्वतमान अध्यक्ष र भट्टराई कार्यवहाक सभापति हुन् । तीनै आकांक्षीवीच सहमति नजुटेपछि शुक्रवार मतदान भएको थियो ।

यस्तै कांग्रेस दमक नगर उपसभापतिमा ठाकुरहरी पोखरेलले २ सय ८ मत ल्याएर सहित विजयी हुदाँ उनका निकटतम प्रतिद्वन्दी नारायण धिमालले १ सय ३९ मत प्राप्त गरेका थिए ।

यसैगरी सचिव पदमा युवराज कोईराला निर्वाचित भए । उनले २ सय ३३ मत ल्याउँदा उनका प्रतिस्पर्धी लीला तिम्सिनाले १ सय ४२ मत पाएका थिए ।

यसैगरी, सह-सचिवमा भने निकै प्रतिस्पर्धात्मक परिणाम देखिएको छ । रविन्द्र दाहाल र धर्मराज ढुङ्गानावीच ५ मतको अन्तरले मात्रै दाहाल विजयी भए । १ सय ८४ मत ल्याएर दाहालले जीत निकाल्दा ढुङ्गेलले मत १ सय ७९ पाएका निर्वाचन समिति संयोजक टीकारम भण्डारीले जनाएका छन् । दमक-८ स्थित अर्गानिक कृषि भवनमा शुक्रवार भएको निर्वाचनमा कुल ३८७ मत खसेको थियो ।

कमल कांग्रेस सभापतिमा कुटुवाल

कांग्रेस कमल गाउँसभापतिमा केदार कटुवाल निर्वाचित भएका छन् । पाडाजुंगीमा शुक्रवार सम्पन्न निर्वाचन परिणाम अनुसार कटुवालले ९७ मत प्राप्त गरि कांग्रेस कमल सभापतिमा निर्वाचित भए ।

उनका प्रतिष्पर्धी पदम बहादुर निरौलाले ७३ मत प्राप्त गरेका थिए । निर्वाचित सभापति कटुवाल कमल वडा न.१ का निर्वाचित वडा अध्यक्ष हुन् ।

निर्वाचन समितिका संयोजक प्रकाश भण्डारीका अनुसार १ सय ८१ जना मतदाता रहेकोमा १० मत बदर भएको थियो ।

त्यसैगरी उपसभापतिमा होमराज लिम्बू र कृष्णकुमारी आचार्य गौतम, सचिवमा खेमराज खनाल, सहसचिवमा गोबिन्द खनाल,छवि बराल र होमादेवी रम्तेल निर्वाचित भएका छन् ।

गौरादह सभापतिमा कार्की, कन्काईमा प्रसाई निर्वाचित

नेपाली कांग्रेस गौरादह नगर सभापतिमा प्रकाश कार्की निर्वाचित भएका छन् । गौरादहमा विहिबार सम्पन्न १५औँ

बाँकी ४ पेजमा ▸▸

कोशी ब्यारेजमा पानीको बहाव उच्च

दमक/ सप्तकोशी नदीमा पानीको बहाव बढेको छ । बिहीबार रातिदेखि लागातार रूपमा आएको पानीका कारण कोशी ब्यारेजमा बहाव बढेको हो ।

यो समाचार तयारपार्दासम्मको मापन अनुसार नदीमा पानीको बहाव दुई लाख ४० हजार ५५५ क्युसेक पुगेको छ । पानीको बहाब खतरा तहमा पुगेकाले ३० वटा ढोका खोलिएको कोशी ब्रेज कन्ट्रोल रूमले जनाएको छ ।

कोशी ब्यारेजमा पानीको बहाव निरन्तर बढ्दै गएको जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ ।

पानीको बढ्दो बहावलाई ध्यानमा राख्दै कोशी नदी आसपास तथा तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी इश्वरी प्रसाद अर्यालले जानकारी दिए ।

नदी किनार, तल्लो तटीय क्षेत्र तथा जोखिमयुक्त स्थानमा रहेका बासिन्दाले सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै सुरक्षित स्थानतर्फ जान आवश्यक सावधानी अपनाउनुपर्ने देखिएको अर्यालको भनाइ छ । पानीको बहाव अझै बढ्दो क्रममा रहेकाले सम्बन्धित निकायले नदीको अवस्था निरन्तर निगरानी गरिरहेका छन् । ब्यारेजमा ५६ वटा ढोका रहेका छन् ।

जलपर्यटन र चुरे-जलाधार संरक्षण गर्न पहल

दमक/ भौगोलिक सामीप्यता र आर्थिक अन्तरनिर्भरतालाई सहकार्यमा बदल्दै कोशी र मधेश प्रदेशले औद्योगिक लाइफलाइन करिडोर निर्माण, कर प्रणालीमा एकरूपता, संयुक्त जलपर्यटन र चुरे-जलाधार संरक्षणलाई साझा आर्थिक समृद्धिको मुख्य आधारका रूपमा अघि सारेका छन् ।

कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा शुक्रबार आयोजना गरिएको दुई प्रदेशका आर्थिक मामिला मन्त्रीहरू सम्मिलित 'अन्तर-प्रादेशिक समृद्धि र सहकार्य: कोशी-मधेश साझा विकास संवाद' कार्यक्रममा साझा सम्भावनाहरूको पहिचान र सहकार्यको विषयमा छलफल भएको हो ।

कार्यक्रममा दुई प्रदेशबिच अस्वस्थ प्रतिस्पर्धा अन्त्य गरी संयुक्त लगानी र नीतिगत सहकार्यमार्फत बृहत् आर्थिक सम्भावनाहरु उजागर गर्ने विषयमा छलफल भएको थियो ।

संवादमा सहभागी दुवै प्रदेशका अर्थ तथा आर्थिक मामिला मन्त्रीहरूले आपसी सहकार्य र वित्तीय अनुशासनलाई उच्च प्राथमिकता दिँदै स्रोत परिचालनमा साझा धारण बनाउन सकारात्मक रहेको बताए ।

कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुरकुमार लिङ्थेपले सीमा जोडिएका प्रदेशहरूबिच फरक(फरक करको दर हुँदा राजस्व चुहावट र नागरिकमा अन्योल बढेको औँल्याउँदै सवारीलगायतका करमा तत्काल एकरूपता ल्याउनुपर्ने बताएका छन् ।

कोशी ब्यारेजदेखि चतरा-बराहक्षेत्रसम्म जेटबोट सञ्चालन गरी धार्मिक जलपर्यटनको विकास गर्ने, सुनकोशी-मरिण डाइभर्सनबाट मधेशको १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ पुऱ्याउन संयुक्त पैरवी गर्ने तथा आगामी अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनका लागि बलियो आधार बनाउने प्रतिबद्धता ब्यक्त गरेका थिए ।

साबिकका ८५ वटा ऐन ब्युँताउन विधेयक संसदमा

दमक/ सरकारले अध्यादेश ल्याएर खारेज गरेका १ हजार ५९४ राजनीतिक नियुक्ति खारेज गरेका कानुन व्यूताउन विधेयक संसदमा पुऱ्याएको छ । 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' निष्क्रिय भएपछि त्यसबाट प्रभावित भएका ऐनहरूलाई पुनः क्रियाशील बनाउन नयाँ विधेयक संसद्मा दर्ता गराएको छ ।

बाँकी ४ पेजमा ▸▸

कमल गापको नवनिर्मित प्रशासनिक भवन उद्घाटन

कमल/ झापाको कमल गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गरिएको छ ।

शुक्रवार एक कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले सो प्रशासनिक भवनको उद्घाटन गरे ।

उद्घाटन कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी कमल गाउँपालिका सभापति केदार चापागाईं, कमल गाउँपालिका-२ का वडाध्यक्ष अशोक सुब्बा, कमल गाउँपालिकाका पूर्व उपाध्यक्ष बेनु प्रसाद शिवाकोटी तथा वर्तमान उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

शुभकामना मन्तव्यका क्रममा वक्ताहरूले नयाँ प्रशासनिक भवन निर्माणसँगै गाउँपालिकाबाट नागरिकलाई प्रदान गरिँदै आएका सेवा थप व्यवस्थित, सहज र प्रभावकारी हुने विश्वास व्यक्त गरिएको थियो। नयाँ भवनबाट सेवाग्राहीलाई सेवा लिन सहज हुनुका साथै गाउँपालिकाको प्रशासनिक कार्यसम्पादनमा समेत प्रभावकारिता आउने बताइएको छ ।

नयाँ भवन सञ्चालनमा आएसँगै सार्वजनिक सेवाहरूलाई थप व्यवस्थित, सहज, छिटोछरितो र प्रभावकारी बनाउन सहयोग पुग्ने गाउँपालिकाले जनाएको छ ।

हिमालमा हिउँ हुरीसँगै भारी हिमपात

दमक/ बंगालको खाडीमा विकसित भएको शक्तिशाली न्यूनचापीय क्षेत्र भारतको ओडिशा तटीय क्षेत्र पार गरेपछि त्यसको प्रभाव नेपालमा बढेको छ । शुक्रवार र सनिवार उक्त प्रणालीको उच्च प्रभावका कारण नेपालका अधिकांश भेगमा भारी वर्षासँगै उच्च हिमाली क्षेत्रमा हिउँ हुरीसहित भारी हिमपात भइरहेको छ ।

शक्तिशाली न्यूनचापीय क्षेत्र भारतको विशाखापट्टनम र गोपालपुरको बिचबाट अघि बढ्दै कलिङ्गपट्टनमको दक्षिणपश्चिम नजिकबाट उत्तर आन्ध्र प्रदेश तथा दक्षिण ओडिशाको तटीय क्षेत्र पार गरेको हो । उक्त प्रणाली उत्तरपश्चिमतर्फ सर्दै आगामी २४ घण्टामा क्रमशः कमजोर हुने अनुमान मौसम विज्ञान विभागले गरेको छ ।

उक्त प्रणालीको प्रभावले नेपालमा देशव्यापी बदलीसँगै अधिकांश स्थानमा वर्षा भइरहेको छ। विभागका अनुसार हिमाली क्षेत्रमा भारी हिमपात भइरहेको छ ।

सर्वोच्च शिखर सगरमाथा आसपास बुधबारदेखि सुरू भएको हिमपात बिहीबार पनि जारी रहेको आधार शिविरस्थित पिरामिड प्रयोगशालाका व्यवस्थापक काजी विष्टले जानकारी दिए ।

आसपासका क्षेत्रमा बिहीबारसम्म दुई फिटभन्दा बढी बाक्लो हिउँ परिसकेको छ । पिरामिड प्रयोगशालाको भवनसमेत पूरै हिउँले ढाकिएको छ। पाँच हजार ५० मिटर उचाइमा रहेको उक्त प्रयोगशालाले हिमाली क्षेत्रको वातावरण र जनजीवनको अध्ययन गर्दै आएको छ ।

त्यस्तै अन्नपूर्ण, मनास्लु, धौलागिरि, कञ्चनजङ्घालगायत आरोहण हुने हिमाली क्षेत्रमा समेत भारी हिमपात भएको छ । मौसम बिग्रिएपछि धेरै आरोही सुरक्षित स्थानतर्फ फर्कने क्रम बढेको छ ।

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ।

सेवामा आवद्ध डाक्टरहरु

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले संयुक्त राष्ट्रसंघको महासभामा गरेको सम्बोधनको पूर्णपाठ:

सम्पादकीय

जलवायु न्याय र नेपालको गम्भीर चेतावनी

संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्री बालेन शाहले प्रस्तुत गर्नुभएको सम्बोधनले विश्व समुदायको गम्भीर ध्यानाकर्षण गराएको छ । नेपालले हालै भोग्नुपरेको 'हिमालयन सुनामी' र विनाशकारी बाढीको दर्दनाक यथार्थ प्रस्तुत गर्दै उहाँले विश्वलाई नै एउटा गम्भीर चेतावनी दिनुभएको छ । हिमालको काखबाट आएको यो आवाज कुनै एक देशको मात्र पीडा होइन, यो सम्पूर्ण मानवजातिका लागि गम्भीर आत्मसमीक्षाको विषय बन्नुपर्छ ।

संसारका औद्योगिक राष्ट्रहरुले कार्बन उत्सर्जन घटाउन र जलवायु परिवर्तनका मुद्दामा देखाएको उदासीनताको भारी नेपालजस्ता गरिब देशहरुले चुकाउनु परेको छ। विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा पनि कम योगदान रहेको नेपालले जलवायु संकटको भयानक मार खेप्नुपरेको यो विडम्बनापूर्ण अवस्था अन्त्य हुनुपर्छ । हिमनदीहरु तीव्र रुपमा पग्लँदा हिमाली पारिस्थितिक प्रणाली संकटमा परेको छ, जसले नेपाल, भारत र चीनसहित हिन्दुकुश हिमालय क्षेत्रका करोडौं मानिसको जनजीवनलाई जोखिममा धकेलेको छ ।

प्रधानमन्त्री शाहले उठाएको 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' को प्रस्ताव अत्यन्त समयसापेक्ष छ । नेपाल, भारत र चीनको संयुक्त नेतृत्वमा पूर्वसूचना प्रणाली सुदृढ गर्न, भू-उपग्रह डेटा आदानप्रदान गर्न र सीमापार सहयोग बढाउन अब ढिला गर्नु हुँदैन । प्रमले सम्बोधनमा नेपालका लागि जलवायुजन्य विपत्ति केवल मानवीय संकट होइन, विकासको आपत्काल पनि हो । यसले सडक, पुल, विद्यालय, घर, खेतीयोग्य जमिन र जीविकोपार्जनका आधारहरु नष्ट गर्छ । यसले हाम्रो भविष्यलाई ऊर्जा प्रदान गर्न आवश्यक स्वच्छ ऊर्जा पूर्वाधार समेत ध्वस्त पार्छ । र, हामीले सिर्जना नगरेको क्षतिको मर्मत गर्न एउटा गरिब देशलाई ऋण लिन बाध्य बनाउने कुरालाई जोडदार उठाएका छन् । यसका साथै, जलवायु वित्त उपलब्ध गराउने जटिल प्रशासनिक झमेलाहरु हटाएर विपद्पछिको पुनर्निर्माणमा न्यायपूर्ण र अनुदानमा आधारित सहयोगको खाँचो रहेको छ ।

अन्तर्राष्ट्रिय मञ्चमा हतियार र युद्धका सामग्रीहरु संसारको जुनसुकै कुनामा छिटा पुग्ने तर गरिब देशका किसानसम्म मल, इन्धन र राहत समयमै नपुग्ने वैश्विक आपूर्ति शृंखलाको त्रुटिलाई पनि प्रम शाहले जोडदार रुपमा उठाएका छन् । यो केवल आर्थिक वा विकासको मात्र विषय होइन, यो विशुद्ध 'जलवायु न्याय' र मानवीय संवेदनशीलताको मुद्दा हो । हिमनदी र बाढी पासपोर्टमा भिसा लगाएर यात्रा गर्दैनन् । त्यसैले हाम्रा पूर्वसूचना प्रणालीहरुले पनि यी वास्तविकतालाई प्रतिबिम्बित गर्नुपर्छ । समयमै समुदायलाई सचेत गराउन हाम्रा अनुगमन संयन्त्र पर्याप्त रुपमा सुदृढ र चुस्त छैनन् । भनेका छन् ।

अन्त्यमा, उनले सबैभन्दा कमजोरलाई सबैभन्दा कम शक्ति दिने वर्तमान व्यवस्थामा सुधार गरौं । जब अर्को चेतावनी विश्वको छानोबाट आउँछ, त्यो सुन्न तयार होऔं, र त्यसअनुसार कदम चाल्न पनि तयार होऔं । भगवान् पशुपतिनाथले विश्वको कल्याण गरुन् । यो विश्व बुद्धले देखाउनुभएको मार्गमा हिँड्न सकोस् । भनेका छन्, यसले नेपालीको शीर उच्चो बनाएको छ ।

धर्म/संस्कृति

मार्क्सवादीहरू धर्म मान्छन्



मार्क्सवादीहरूलाई सोध्ने हो भने उनीहरू भन्छन् - धर्म अफीम हो, नशा हो । यो पनि मानवतालाई शोषण गर्ने मार्क्सवादी सभ्य तरिका हो । उनीहरू भन्छन्- धर्म कहिल्यै पनि प्रगतिशील हुन सक्दैन । जब कि उनीहरू नै धेरै ठाउँमा विकासका बाधक बनेका अनेकौं दृष्टांश छन् ।

धर्म निरपेक्षतावादीहरूसँग सोधियो भने उत्तर आउँछ, दुःखी-दरिद्रीको सेवा नै धर्म हो । देशमा साम्प्रदायिक शक्तिहरूलाई बढावा दिनु हुँदैन । यो पनि एक प्रकारको राजनीति मात्र हो । उनीहरू दुःखी-दरिद्रीहरूको सेवा गर्ने नाममा आफूलाई सम्पन्न पार्दै छन् । उनीहरूकै शोषण गर्दै छन् । कथित साम्प्रदायिक शक्तिहरूसँग धर्म के हो भनेर सोधियो भने उनीहरू भन्लान् । हामी साम्प्रदायिक होइनौं, राष्ट्रवादी हौं र सर्वधर्म समभावको भावना राख्नु नै धर्म हो ।

अब कुरा गरौं साम्प्रदायिकहरू तथा कट्टरपन्थीहरूको । पहिलो दोस्राको विरुद्ध छ किनभने दोस्रो पहिलोको विरुद्धमा छ । उनीहरू दुवैथरी भन्ने गर्छन्, हाम्रो धर्ममा जे लेखिएको छ त्यो तिमीहरूको धर्ममा भन्दा निकै महान्, साँचो एवं पवित्र छ । जब कि उनीहरू एकअर्काको धर्मग्रन्थ पढेकै हुँदैनन् तर पनि के दाबी गर्छन् भने आफ्नो धर्मग्रन्थ अरूको भन्दा महान् छ ।

म आज यहाँ हिमालयको काखमा अवस्थित टाढाको देश नेपालबाट मानवजातिका लागि अत्यन्तै निकट र गम्भीर चेतावनी बोकेर उपस्थित भएको छु। आज म यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा युवा राष्ट्रका आशाबारे मात्र बोल्न सकूँ भन्ने मेरो चाहना थियो । तर, त्यसको सट्टा आज मैले अकल्पनीय स्तरको मृत्यु र विनाशबारे बोल्नुपर्ने अवस्था आएको छ । ती परिवारहरूबारे बोल्नुपर्ने भएको छ, जो अब कहिल्यै घर नफर्कने आफ्ना प्रियजनको प्रतीक्षामा छन् ।

ती समुदायहरूबारे बोल्नुपर्ने भएको छ, जो आफ्ना आफन्तको शवसमेत कहिल्यै फेला नपर्न सक्ने अवस्थामा हिलो, ढुंगा र पानीभित्र आफ्ना मानिसहरूको खोजी गरिरहेका छन् ।

चार साताअघि विश्वले नेपालका हिमाली बस्तीहरूमा अत्यन्तै भीषण रूपमा आएको विनाशकारी आकस्मिक बाढीका हृदयविदारक दृश्यहरू देख्यो । धेरैले त्यसलाई 'हिमालयन सुनामी'को संज्ञा दिएका छन् ।

भोटेकोशी-त्रिशूली विपद् केवल स्थानीय त्रासदी थिएन, यो विश्वका लागि एउटा चेतावनी थियो । र, आज म तपाईंहरूसमक्ष प्रश्न गर्न चाहन्छु–के हामीले वास्तवमै त्यो चेतावनी सुनेका छौँ ।

करिब तीन वर्षअघि हाम्रो सगरमाथाको छायामा उभिएर संयुक्त राष्ट्रसंघका महासचिवले आसन्न जलवायु विपद्को भयावह अवस्थाबारे मानवजातिलाई सचेत गराउनुभएको थियो ।

विश्वको छानोबाट दिइएको त्यो चेतावनी पर्याप्त रूपमा सुनिएन। नेपालले त्यो सुन्यो । हाम्रा समुदायहरूले सुने । विश्वभरका वैज्ञानिकहरूले सुने। उनीहरूले प्रमाणसहित त्यस चेतावनीलाई दोहोऱ्याइरहे । तर, हामी विश्वका राजनीतिक नेतृत्वमा रहेकाहरूले ती चेतावनीलाई जोखिममा रहेका मानिसहरूले अपेक्षा गरेको गति र स्तरमा व्यवहारिक कदममा रूपान्तरण गर्न लापरबाही गऱ्यौँ । गत महिना हामीले त्यसको दुःखद परिणाम देख्यौँ ।

तातिँदै गएको जलवायु परिवर्तनले संवेदनशील हिमालयी पारिस्थितिक प्रणालीलाई अस्थिर बनाइरहेको छ । हिमनदीमुनिको जमिनमा जमेर रहेको स्थायी हिउँ अर्थात् पर्माफ्रोस्ट पग्लँदा हिमाली भिरालो भूभागमा चिरा पर्ने र पहाडी ढलान कमजोर हुने क्रम बढेको छ। यसले हिम-चट्टानको पहिरो, बाढी, पहिरो तथा एकपछि अर्को निम्तिन सक्ने अन्य विपद्को जोखिम तीव्र बनाइरहेको छ ।

यसबाट उत्पन्न विनाशले नेपाल-चीन सीमाको दुवैपट्टि ठूलो क्षति पुऱ्यायो। बाढीको प्रवाह तलतिर भारततर्फसमेत अघि बढ्यो । यसले हामीलाई एउटा आधारभूत सत्य बताउँछ(जलवायु परिवर्तनले सीमाना चिन्दैन ।

हिमनदी र बाढी पासपोर्टमा भिसा लगाएर यात्रा गर्दैनन् । त्यसैले हाम्रा पूर्वसूचना प्रणालीहरूले पनि यी वास्तविकतालाई प्रतिबिम्बित गर्नुपर्छ । समयमै समुदायलाई सचेत गराउन हाम्रा अनुगमन संयन्त्र पर्याप्त रूपमा सुदृढ र चुस्त छैनन् । यो केवल प्रविधिको असफलता थिएन । यो अन्तर्राष्ट्रिय सहकार्यको वर्तमान अवधारणाकै असफलता थियो ।

म यहाँ गुनासो गर्न आएको होइन, केही सुझाव साझा गर्न आएको हुँ । सर्वप्रथम, यस विनाशकारी बाढीपछि नेपाललाई सहयोग गर्न अघि सर्नुभएका सबैप्रति नेपालको गहिरो कृतज्ञता व्यक्त गर्न चाहन्छु । हाम्रा निकट छिमेकी भारत र चीनले तत्काल र उदार सहयोग उपलब्ध गराए । अन्य मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय प्रणाली, मानवीय सहायता प्रदान गर्ने संस्थाहरू, परोपकारी संस्था तथा विश्वभरका मानिसहरू नेपालका साथमा उभिए । उहाँहरू सबैप्रति म कृतज्ञ नेपाली जनताको तर्फबाट भन्न चाहन्छु–धन्यवाद ।

नेपाल अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यभारसामु उभिएको छ । कम्तीमा १ हजार ४ सय जनाको मृत्यु पुष्टि भइसकेको र ६ हजारभन्दा बढी मानिस अझै बेपत्ता रहेको अवस्थामा हाम्रो प्रारम्भिक मूल्यांकनले भौतिक पुनःस्थापनाका लागि आवश्यक पर्ने स्रोत नेपालको कुल गार्हस्थ्य उत्पादन ९जीडीपी० को करिब १० प्रतिशत बराबर हुने देखाएको छ ।

सन् २०१५ को गोरखा भूकम्पलगायत विगतका विपद्पछिको पुनर्निर्माणमा जस्तै, यसपटक पनि हामी तपाईंहरूको ऐक्यबद्धता र सहयोगमा भरोसा गर्छौं । तर, यो विपद् नेपालको सीमाभन्दा बाहिर पनि किन महत्त्वपूर्ण छ भन्ने कुरा हामीले बुझ्नुपर्छ ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ० दशमलव १ प्रतिशतभन्दा पनि कम छ । यो संकट हामीले सिर्जना गरेका होइनौँ। तर यसको मूल्य भने हामीले अत्यन्त ठूलो रूपमा चुकाइरहेका छौँ ।

हाम्रा हिमनदीहरू पछि हटिरहेका छन्। हाम्रा हिमाली ढलानहरू अस्थिर बन्दै गइरहेका छन् । हाम्रा नदीहरूको प्रवाह र व्यवहार थप अनिश्चित बन्दै गएको छ । प्रत्येक ठूलो विपद्ले वर्षौं लगाएर हासिल गरेको विकासलाई मेटाइदिने खतरा पैदा गर्छ ।

नेपालका लागि जलवायुजन्य विपत्ति केवल मानवीय संकट होइन, विकासको आपत्काल पनि हो । यसले सडक, पुल, विद्यालय, घर, खेतीयोग्य जमिन र जीविकोपार्जनका आधारहरू नष्ट गर्छ । यसले हाम्रो भविष्यलाई ऊर्जा प्रदान गर्न आवश्यक स्वच्छ ऊर्जा पूर्वाधारसमेत ध्वस्त पार्छ । र, हामीले सिर्जना नगरेको क्षतिको मर्मत गर्न एउटा गरिब देशलाई ऋण लिन बाध्य बनाउँछ ।

तर, हामी यहाँ कुनै देश वा महादेशलाई दोष दिन आएका होइनौँ। जलवायु परिवर्तनलाई अर्को भूराजनीतिक द्वन्द्वको मैदान बनाउन पनि हामी यहाँ आएका होइनौँ ।

हामी यहाँ सबैलाई साझा जिम्मेवारी र ऐक्यबद्धताप्रतिको प्रतिबद्धता पुनः नवीकरण गर्न आग्रह गर्न आएका हौँ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमार्फत अन्तर्राष्ट्रिय समुदायले साझा तर विभेदित जिम्मेवारी तथा आ-आफ्नो क्षमताअनुसारको उत्तरदायित्वको सिद्धान्तमा यसअघि नै सहमति जनाइसकेको छ । यस समस्यामा ऐतिहासिक रूपमा बढी योगदान गर्नेहरू र यसको सामना गर्न बढी क्षमता भएकाहरूले बढी जिम्मेवारी वहन गर्नुपर्छ ।

हिन्दुकुश हिमालय क्षेत्रमा करिब दुई अर्ब मानिसको बसोबास छ। यी हिमालहरूले नेपालभन्दा धेरै टाढासम्मका मानिसहरूलाई पानी, पारिस्थितिक प्रणाली, कृषि तथा जीविकोपार्जनका आधार उपलब्ध गराउँछन् ।

हिमालय पृथ्वीको कुनै परिधीय भूभाग होइन। यो पृथ्वीको जीवन धान्ने प्रणालीको अभिन्न हिस्सा हो । त्यसैले, तत्काल चालिनुपर्ने पहिलो कदमका रूपमा नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालय जलवायु उत्थानशीलता संयन्त्र' स्थापना गर्न हामी प्रस्ताव गर्दछौँ । यस संयन्त्रमार्फत हामी भू-उपग्रहबाट प्राप्त तथ्यांक र विशेषज्ञता आदानप्रदान गरौँ ।

जोखिमपूर्ण हिमतालहरूको अनुगमन गरौँ । संयुक्त पूर्वसूचना प्रणालीलाई सुदृढ बनाऔँ । र, विपद् आइपर्दा सीमापार सहयोगलाई समन्वय गरौँ । हिमालयलाई खण्डित सूचनाको सीमारेखा होइन, अन्तर्राष्ट्रिय सहकार्यको प्रयोगशाला बनाऔँ ।

कम विकसित मुलुक भएर पनि उल्लेखनीय रूपमा नेपालले आफ्नो पारिस्थितिक योगदानको अनुपातभन्दा निकै ठूलो विश्वव्यापी भूमिका निर्वाह गरिरहेको छ ।

हामीले वन पुनःस्थापना गरेर आफ्नो भूभागको करिब आधा क्षेत्र वनले ढाकिने अवस्थामा पुऱ्याएका छौँ ।

हाम्रा स्वच्छ ऊर्जाका सम्पूर्ण आवश्यकताहरू पूरा गर्न र विदेशमा प्रयोग भइरहेका प्रदूषणकारी ऊर्जाका स्रोतलाई विस्थापित गर्न सक्ने स्तरमा जलविद्युत् उत्पादन तीव्र गतिमा विस्तार गरिरहेका छौँ । हामी विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रोत्साहन गरिरहेका छौँ, जसको प्रयोगदर युरोपका केही भूभागसँग तुलना गर्न सकिने अवस्थामा पुगेको छ ।

हामी स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई सुदृढ गरिरहेका छौँ । र, जलवायुजन्य विपद्को बढ्दो तीव्रता र आवृत्तिको सामना गर्न सक्षम हुन हामी अझ धेरै काम गर्नेछौँ ।

तर, विश्वव्यापी शासन व्यवस्थाको असफलताले थप गम्भीर बनेको संकटविरुद्ध नेपाल एक्लैले उत्थानशीलता निर्माण गर्न सक्दैन । त्यसैले, यो महासभाले छ वटा शब्दलाई विशेष रूपमा आत्मसात् गर्नुपर्छ : राहत, पुनःस्थापना, पुनर्निर्माण। जिम्मेवारी, क्षतिपूर्ति, उत्थानशीलता, पहिला तीन शब्द विपद्पछि हामीलाई आवश्यक पर्ने विषय हुन् ।

पछिल्ला तीन शब्द भने विपद्लाई स्थायी अवस्थाका रूपमा परिणत हुन नदिन आवश्यक पर्ने विषय हुन् । जलवायु परिवर्तनका कारण उत्पन्न विपद्ले कुनै गरिब देशको पूर्वाधार ध्वस्त पार्दा त्यसको समाधान केवल अर्को ठूलो ऋण वा स-साना अनुदानको टालटुले व्यवस्थामात्र हुन सक्दैन ।

हामीलाई विश्वबाट पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक छ । हानि तथा क्षति कोष, विश्व वातावरण सुविधा तथा अन्य सम्बन्धित वित्तीय संयन्त्रहरू अहिले पनि अत्यन्तै अपर्याप्त छन् । जलवायु वित्त त्यस्तो प्रशासनिक झमेलामा परिणत हुनु हुँदैन, जहाँ जोखिममा रहेका देशहरूले सहयोग आवश्यक छ भनेर प्रमाणित गर्न वर्षौं खर्च गर्नुपरोस् । जब घरमा आगो लागेको हुन्छ, हामी त्यो परिवारलाई ५० वटा फाराम भर्न लगाउँदैनौँ । हामी तत्काल काम गर्छौं । जलवायु न्यायको अर्थ पनि यही हुनुपर्छ ।

संयुक्त राष्ट्रसंघको जन्म मानवजातिले दुईवटा भयावह विश्वयुद्धबाट भोगेको अनुभवबाट भएको हो । यसको प्रतिज्ञा थियो- सार्वभौमसत्ताको महत्व हुनेछ । अन्तर्राष्ट्रिय कानुनको महत्व हुनेछ । धेरैपटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिने भन्ने निर्धारण गरिरहेको छ ।

नेपालको विश्वास छ, हामीलाई अझ न्यायपूर्ण विश्वव्यापी आर्थिक व्यवस्था आवश्यक छ । सन् १९९४ मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा'को अवधारणालाई सैद्धान्तिक रूपमा अघि सारेको थियो ।

त्यसले सुरक्षालाई भूभागभन्दा मानिससँग र हतियारभन्दा विकाससँग जोडेको थियो । उसले भय र अभावबाट मुक्तिको सुनिश्चितताका लागि शान्तिको लाभांश उपयोग गर्न आह्वान गरेको थियो । यसै मार्चमा हाम्रो इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचनमार्फत निर्वाचित नेपालको नयाँ बहुमत सरकारले त्यसयता थुप्रै अन्तर्राष्ट्रिय प्रतिकूलताको सामना गर्नुपरेको छ ।

यस मनसुनमा नेपालकी एक गरिब किसानले खेतमा बीउ छर्न जाँदा उनले समयमा मल पाउन सकिनन् । जब हामी नयाँ राजमार्ग निर्माण गर्न चाहन्थ्यौँ, त्यहाँ सडक कालोपत्र गर्न आवश्यक बिटुमिन थिएन ।

जब एउटा परिवार साँझको खाना खान बस्यो, त्यहाँ खाना पकाउने इन्धनको अभाव थियो । एकातिर हिमनदीहरू पग्लिरहेका छन्, बाली उत्पादनमा समस्या भइरहेको छ र कुनै पूर्वसूचनाबिना बाढी आइरहेका छन् । अर्कोतिर, एउटा विश्वव्यापी आपूर्ति शृंखलाले तर्कसंगत कारणबाहिरका समस्याको भार गरिब मानिसमाथि थोपर्दैछ ।

महादेशीय क्षेप्यास्त्र भने समयमै पुग्छन्। राइफल र गोलीगट्ठा सीमाना पार गर्छन्, हरेक अवरोध पार गर्दै आफ्नो गन्तव्यमा पुग्छन् र हरेक समयसीमा पूरा गर्छन् । तर, नेपालका किसानले आवश्यकता परेको समयमा बजार मूल्य तिर्न तयार हुँदाहुँदै पनि मल वा इन्धन पाउन सक्दैनन् ।

हामीले युद्धका लागि त्रुटिहीन आपूर्ति प्रणाली र खाद्यान्नका लागि अस्तव्यस्त आपूर्ति प्रणाली भएको विश्व निर्माण गरेका छौँ । र, यो नेपालको मात्र निजी दुर्भाग्य होइन । बंगलादेशलाई सोधौँ । भुटानलाई सोधौँ । भारतलाई सोधौँ । माल्दिभ्सलाई सोधौँ । पाकिस्तानलाई सोधौँ । श्रीलंकालाई सोधौँ । हाम्रो क्षेत्रका कुनै पनि अन्य देशलाई सोधौँ, त्यहाँबाट पनि हामीले उस्तै कथा सुन्नेछौँ । हामीले नताताएको जलवायु परिवर्तनको मार खेपिरहेका छौँ र हामीले सुरु नगरेका युद्धको मार पनि फेरि खेपिरहेका छौँ । यसबाट के स्पष्ट हुन्छ भने, वर्तमान विश्वव्यापी सहकार्यको व्यवस्थामा देखिएभन्दा धेरै कुरा भत्किएका छन् ।

यस वर्ष यस महासभालाई सम्बोधन गर्ने सबैभन्दा कम उमेरका सरकार प्रमुख म हुँ भनेर मलाई बताइएको छ । तर, म यहाँ त्यसलाई आजको कथाको विषय बनाउन आएको होइन । म यहाँ यो सुनिश्चित गर्न आएको हुँ कि यस मञ्चबाट अरू जे-जे कुरा भनिए पनि एउटा कुरा स्पष्ट रूपमा भनियोस् ।

भुक्तानी गर्न इच्छुक देशले आवश्यक वस्तु खरिद गर्न सक्नुपर्छ । र, ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पुऱ्याउन सक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीवनयापनका लागि आवश्यक साधनबाट वञ्चित गर्ने कुनै बहाना हुनु हुँदैन । यसैले हामी बहुपक्षीयतामाथि निरन्तर विश्वास गर्छौं ।

यसैले हामीलाई यस्तो संयुक्त राष्ट्रसंघ आवश्यक छ, जहाँ साना तथा गरिब देशहरूको उपस्थिति र आवाज महसुस होस् र जहाँ हामी न्यायपूर्ण परिणामका लागि मिलेर काम गर्न सकौँ। त्यसैले जलवायु न्याय केवल पैसाको विषय होइन ।

यो वितरणात्मक न्यायको विषय हो–लागतको भार कसले वहन गर्छ भन्ने विषय । यो प्रक्रियागत न्यायको विषय हो–कसको आवाज सुनिन्छ भन्ने विषय । यो पर्वतीय समुदायहरू, साना टापु राष्ट्रहरू, भूपरिवेष्ठित तथा अति कम विकसित देशहरू र अझै जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय हो । भोलिदेखि संयुक्त राष्ट्रसंघमै आयोजना हुने 'सगरमाथादेखि समुद्रसम्म' नामक साइड इभेन्टबाट नेपाल यो बहसको नेतृत्व गर्न सहयोग गर्न तयार छ ।

हामी गहिरो विश्वव्यापी अनिश्चितताको क्षणमा यस महासभामा उपस्थित भएका छौँ, नयाँ पुस्ताका आकांक्षालाई प्रतिबिम्बित गर्ने नयाँ लोकतान्त्रिक जनादेशसहित हाम्रा युवाहरूले इमानदारी र जवाफदेहितामा आधारित राजनीतिका लागि माग गरेका छन् ।

यो पुस्तान्तरण केवल नेपालको राष्ट्रिय कथा होइन। यो द्वन्द्व, असमानता र अवसरको अभावविरुद्ध विश्वव्यापी रूपमा जागरण आइरहेको प्रक्रियाको पनि एउटा हिस्सा हो । मेरो सरकारको प्रतिबद्धता स्पष्ट छ, सेवा प्रदान गर्ने राज्य निर्माण गर्नु(सम्मानजनक रोजगारी, सामाजिक सुरक्षा र हरेक नेपालीले आफ्नै देशमा समृद्ध बन्न समान अवसर पाउने अवस्था सुनिश्चित गर्नु । नेपालमा आएको बाढीले बढ्दो जलवायुजन्य चरम अवस्थाले भविष्यलाई कसरी प्रभावित गर्न सक्छ भन्ने संकेत गरेको छ । हाम्रा पुराना आधाररेखाहरू अब सान्दर्भिक छैनन् । अब हामी तदर्थ प्रतिक्रियाबाट तयारीलाई संस्थागत गर्ने संस्कृतितर्फ अघि बढ्नुपर्छ ।

आउनुहोस्, उत्थानशीलताका लागि लगानी गरौँ र बिमा तथा नवप्रवर्तनमा लगानी बढाऔँ । आउनुहोस्, जीवाश्म इन्धनमाथिको निर्भरता घटाऔँ । आउनुहोस्, पूर्वसूचना दिने, सचेत गराउने र जीवन जोगाउने प्रणाली निर्माण गरौँ । सबैभन्दा कमजोरलाई सबैभन्दा कम शक्ति दिने वर्तमान व्यवस्थामा सुधार गरौँ । जब अर्को चेतावनी विश्वको छानोबाट आउँछ, त्यो सुन्न तयार होऔँ, र त्यसअनुसार कदम चाल्न पनि तयार होऔँ । भगवान् पशुपतिनाथले विश्वको कल्याण गरून् । यो विश्व बुद्धले देखाउनुभएको मार्गमा हिँड्न सकोस् ।

भारतको निर्णयले खानेतेलको निर्यात घट्ने चिन्ता

दमक/ भारतमा तयारी र कच्चा दुवै प्रकारको खानेतेलको आयात महसुलमा परिवर्तन गरिएको छ। तेस्रो मुलुकबाट कच्चा आयात गरेर प्रशोधनपछि तयारी खानेतेल भारत निर्यात गर्दै आएका नेपाली उद्योगीलाई भारतको यस्तो परिवर्तनले ठुलो असर पार्ने भन्दै चिन्ता गरिएको छ। उद्योगीले नेपालको निर्यातदेखि रोजगारीसम्ममा असर पार्ने चिन्ता गरेका हुन्।

कच्चा पदार्थ वा कच्चा तेल आयात गर्दा नेपाल उद्योगीले भन्सार महसुल बुझाउँछन्। त्यो कच्चा प्रशोधन गरेर निर्यात गर्दा पहिले बुझाएको महसुल फिर्ता पाउँदै आएका छन्।

साफ्टा अन्तर्गत भारतमा तेलको निर्यात शून्य प्रतिशत भन्सार महसुलमा भइरहेको छ। यो सहुलियत पाइरहेका उद्योगीका लागि भारतले कच्चा तेलको महसुल १६.५ बाट ११.५ मा झारेपछि भने प्रतिस्पर्धा गर्न नसक्ने स्थितिमा पुगेको पशुपति खाद्य तेल उद्योग प्रालिका निर्देशक अमित शारडाले बताए। उनका अनुसार प्रतिस्पर्धा गर्न नसक्ने स्थिति हुँदा उत्पादन नै ३० प्रतिशतमा झर्न सक्ने छ, जसको असर रोजगारीमा समेत पर्ने छ।

"भारतमा यसअघि कच्चा तेलको आयात महसुल १६.५ प्रतिशत रहेको थियो। त्यही दर हुँदासमेत नेपालबाट निर्यातमा असर थियो," उद्योगी शारडाले भन्नुभयो, "उनीहरूले क्रुड आयल धेरै खरिद गर्ने क्षमता राख्छन्। कम मूल्यमा पाउँछन्। ढुवानीमा उनीहरूका लागि बहुविकल्प र सस्तो छ। नेपालमा ढुवानी खर्च बढी पर्छ।"

भारतमा महँगी बढेपछि नागरिकलाई राहत दिनका लागि पाँच प्रकारका तेलको महसुल घटाइएको हो। उद्योगी शारडाका अनुसार बुधबार यसको जानकारी सरकारले दिइसकेको छ। क्वालिटी रिफाइनरीका तेल उद्योगका सञ्चालक विपिन काबराका अनुसार भारतमा आएको आयात महसुलको फेरबदलले नेपालको निर्यात प्रणालीसहित अन्य बहुक्षेत्रमा असर पर्ने छ। भारतले पाँच प्रकारको तेलको महसुल घटाउँदा भटमास र पामको कच्चा तेलको पाँच प्रतिशत कमी हुँदै ११.५ मा झारेको छ।

त्यस्तै सूर्यमुखीको कच्चा तेलको महसुल १० प्रतिशत कम गर्दै ५.५ मा झारिएको छ। काबराका अनुसार नेपालमा भटमास, पाम र सूर्यमुखीको कच्चा तेलको महसुल १० प्रतिशत छ।

मनोरञ्जन

'आचार्य', 'बाः एक योद्धा' र 'जदौ' एकसाथ रिलिज

दमक/ फ्राईडे रिलिजको परम्परा धान्दै आज शुक्रबारदेखि देशभरका सिनेमा हलहरूमा एकसाथ तीन नयाँ नेपाली फिल्म प्रदर्शनमा आए। फिल्महरू 'आचार्य', 'बाः एक योद्धा' र **'जदौ'**।

एक्सन, पारिवारिक संवेदना र सामाजिक विषयवस्तु गरी फरक फरक बिषयबस्तुमा निर्माण भएका यी तीन फिल्म एकअर्कोसँग भिड्न तयार भएका हुन्। यद्यपि देशभरका सिनेमाघर यी तीन फिल्मले मात्र पाएको छैन। किनभने अघिल्लो साताहरूमा प्रदर्शनमा आएका 'झिँगेदाउ २', 'बेहुली' लगायतले अझै धेरै स्टेसन ओगटेर बसेका छन्।

आचार्य:

एक्सन स्टार निखिल उप्रेतीको होम प्रोडक्सनमा बनेको बहुप्रतीक्षित फिल्म 'आचार्य' भरपुर एक्सनले भरिएको फिल्म हो। देशभर १३७ वटा शो पाएको फिल्म मार्फत अभिनेता निखिल उप्रेती ११ वर्षपछि अभिनय र निर्देशनमा कमब्याक गरेका छन्।

निखिल उप्रेती स्वयंको लेखन, निर्माण तथा निर्देशन रहेको फिल्ममा उनको अलावा दक्षिण भारतीय कलाकार रघु बाबू र रघु करुमन्ची, बलिउड कलाकार दीपजङ्ग राणा र रोहित चौधरीका साथै सजिना श्रेष्ठ, पूर्णिका सिजापतिलगायतको अभिनय छ।

बाः एक योद्धा :

नेपाली समाजमा सन्तानको भविष्यका लागि बाबुले गर्ने संघर्ष, त्याग र वृद्ध अवस्थामा आफ्नै सन्तानबाट भोग्नुपर्ने उपेक्षाको मर्मस्पर्शी कथा बोकेको फिल्म 'बाः एक योद्धा' हरि लम्सालले निर्देशन गरेका हुन्।

आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा वसन्त लम्सालले निर्माण गरेको फिल्ममा दिव्यदेवको अलावा सुहाना थापा, झरना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मा र शवि थापालगायतको मुख्य भूमिका छ।

जदौ :

अन्तर्जातीय सम्बन्ध, सामाजिक विभेद र गरिबमाथि हुने थिचोमिचोको विषयलाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिएको फिल्म 'जदौ' पनि देशव्यापी प्रदर्शनमा आएको छ। अन्जन शर्मा र काजी लिम्बूको संयुक्त निर्देशनमा बनेको यो फिल्मले हाँसो, रोमान्स र रोदनको सम्मिश्रणसहित समाजलाई सकारात्मक सन्देश दिने प्रयास गरेको छ।

निर्देशक काजी लिम्बूको कथा रहेको फिल्ममा मुकुन भुसाल, नीति शाह, प्रभात पाल ठकुरी, ऋचा शर्मा, गीता अधिकारी, नरेश पौडेल, राजश्री थापालगायतका कलाकारहरूको मुख्य भूमिका छ।

स्वास्थ्य



खोरेतविरुद्ध गाईभैंसीलाई खोप लगाइँदै

झापा/ गाईभैँसीमा खोरेतको सङ्क्रमण बढेसँगै झापाका १५ वटै पालिकामा किसानले पालेका चौपायका गोठमै पुगेर खोरेतविरुद्धको खोप लगाउने अभियान सुरु गरिएको छ।

मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा असोज १ गतेदेखि नै खोप लगाउन सुरु गरिएको हो। यी दुई पालिकाबाहेक जिल्लाका अन्य १३ वटा पालिकामा बिहीबारदेखि खोप लगाउन थालिएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र झापाकी प्रमुख शीतल भट्टराईका अनुसार खोप अभियानअन्तर्गत जिल्लाका एक लाख ९० हजार गाईभैँसीलाई खोरेतविरुद्धको खोप लगाउने लक्ष्य राखिएको छ।

उनका अनुसार कनकाई, कचनकवल, हल्दिबारी र मेचीनगरमा हालसम्म ६ हजार ८४८ गाईभैँसीलाई खोप लगाइसकिएको छ। खोप अभियानअन्तर्गत फार्म तथा गोठमै पुगेर खोप लगाउन १५ वटै पालिकामा १२१ जना दक्ष प्राविधिक परिचालन गरिएको छ।

असोज १५ गतेसम्ममा जिल्लाका सबै १५ वटै पालिकाका ८० प्रतिशत गाईभैँसीलाई खोप लगाइसक्ने योजना रहेको भट्टराईले बताइन्। खोप अभियानका लागि कोशी प्रदेश सरकारबाट खोप तथा आवश्यक सामग्री पालिकाहरूलाई उपलब्ध गराइएको छ। यसअघि झापामा खोरेतविरुद्धको चौथो चरणको खोप अभियानसमेत सम्पन्न भइसकेको छ।

केही रोचक भनाइहरु

१. मेरो आत्मालाई मेरो हृदयदेखि मुस्कुराउन देउ, अनि मेरो हृदय मेरो आँखाद्वारा मुस्कुराउन देउ ताकी म bvLAboofdsfg5g{;s'. - *परमहंस योगानंद*

२. हास, अनि सारा संसार तिमिसंगै हास्नेछ। रोनु तब सारा संसार तिमिसंगै रुनेछ। - *इला व्हिलर*

३. आजका राम्रा दिनहरु भोलीको लागि दुखका यादहरु हुन्। - *बब मर्ली*

४. जबतिमि कही असल र राम्रो काम गर्दछौ तबपनि कसैले मतलब गर्दैनन् भने दुखी नबन। किनकि सुर्योदय कति सुन्दर हुन्छ तर हेर्नेहरु प्राय निद्रामा नै भएका हुन्छन। - *जोन लेनोन*

५. हामी कहिल्यैपनि हाम्रा आशुहरुको लागि लज्जित हुनु आवश्यक पर्दैन। - *चार्ल्स डिकेन्स*

६. संसार दुखले भरिएको छ, तर सबै दुखहरुलाई जित्न सकिन्छ। - *हेलेन केलर*

७. यदि तिमि दुखि बन्न चाहन्छौ भने कसैले पनि तिमीलाई खुसी दिन सक्दैन तर जब तिमि आफ्नो मनले खुसी बन्न चाहन्छौ तब कसैले पनि तिम्रो खुसी हरण गर्न सक्दैन। - *परमहँस योगानन्द*

८. हरेक मानिससंग उसको भित्र लुकेको पिडा हुन्छ जुन बाहिरि संसारलाई थाहा हुदैन। र जब मानिस आफ्नो त्यो पिडामा हुन्छ र बाहिरि संसारसंग खासै वास्ता गर्दैन तब हामी उसलाई कठोर भन्ने गर्दछौ। *-लंग्फेलो*

९. प्रेमले कहिल्यै पनि मेरो बन्धन भित्र बसोस भन्ने चाहदैन, प्रेमले त स्वतन्त्रता दिन्छ। - रविन्द्रनाथ ठाकुर

१०. जब सबैतिर अध्यारो हुन्छ, तब मात्रै तारा देख्न सकिन्छ। - *राल्फ वाल्डो इमर्सन*

पुस्तक-साभार

राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव

रविन्द्र मिश्र

पदभन्दा दायित्व ठूलो

गतांकबाट ... त्यही भैसेपाटीको बीचमा अत्यन्तै सुन्दर रूपमा अवस्थित छ १२३ रोपनी खाली जग्गा। त्यसैसँग जोडिएको अर्को झन्डै १९ रोपनी खाली जग्गा पनि छ, जसमा धेरैको कुआँखा लागिरहेको छ। तर कैयौ ऊर्जाशील स्थानीयले त्यसलाई जोगाउने पहल थालिसकेका छन्। सांसद आवास बनाउने भनेर निर्णय गरिएको १२३ रोपनी जग्गा चाहिँ हाल नेपाल सरकारको स्वामित्वमा छ। सौभाग्य भन्नुपर्छ, त्यस्तो विशिष्ट ठाउँ (प्राइम लोकेसन) धन्न सांसद आवासका नाममा कङ्क्रिटको जङ्गलमा रूपान्तरित भएन। सांसदहरूलाई आवास चाहिँदैन भन्ने होइन। तर सहरको सौन्दर्य र स्वस्थता बढाउन, पर्यटकीय र आर्थिक गतिविधि प्रवर्द्धन गर्न बिरलै प्राप्त हुने राजधानी नजिकका त्यस्ता विशिष्ट ठाउँलाई कङ्क्रिटको जङ्गलमा रूपान्तरण गरेर हामीले यो सहर र देशमाथि धेरै पाप गरिसकेका छौ। त्यो पाप जारी नराखौ। सांसद आवास अन्य प्रयोजनमा त्यति नआउने कुनै पनि स्थानमा राम्रो योजना बनाएर निर्माण गरे भइहाल्छ। तर कोहिनूर हीरालाई सामान्य ढुङ्गाका रूपमा प्रयोग गर्न हुँदैन।

मैले सोचे जस्तो हुने भए

काठमाडौं उपत्यका र सिङ्गो नेपालमै एउटा पनि स्तरीय पार्क छैन। अन्तर्राष्ट्रिय स्तरको त झन् परको कुरा भइहाल्यो। हुन त स्तरीय र अन्तर्राष्ट्रिय स्तरको के कुरा गर्नु, हामी यति गिरिसक्यौ कि हामीले कुनै काम गर्दा न्यूनतम स्तरको मापदण्ड पनि पूरा गर्दैनौ। तर म र कैयौं स्थानीय साथीहरु यस्तो पार्कको कल्पना गरिरहेछौं, जुन अन्तर्राष्ट्रिय स्तरको मात्र हुनेछैन, त्यसले अन्तर्राष्ट्रिय रूपमै विशिष्ट पहिचान पनि राख्नेछ। संसारमा भएका मूर्तिकला उद्यानहरु मूलतः राष्ट्रिय मूर्तिकला उद्यान हुन्, जहाँ त्यही देशका विशिष्ट मूर्तिकारहरूका काम प्रदर्शित छन्। तर भैसेपाटीमा परिकल्पना गरिएको मूर्तिकला उद्यान भने अन्तर्राष्ट्रिय प्रकृत्तिको हुनेछ। त्यसले अन्तर्राष्ट्रिय रूपमै विशिष्ट पहिचान बनाउनेछ। ताकि काठमाती आएका पर्यटकको नेपाल भ्रमण अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान नपुगी पूर्ण नै नहोस्, जसरी कलामा रूचि नै नभएको पर्यटक पनि पेरिस गएर लुभ्र कला सङ्ग्रहालय जान नपाए त्यो भ्रमण अपूरो सम्झिन्छ।

रानीपोखरी र धरहरा बनाउनेको नाम आज पनि हामी स्मरण गर्छौं। त्यसैगरी अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान निर्माण गरेको खण्डमा प्रधानमन्त्री ओलीको नाम सदीयौसम्म स्मरण गरिनेछ। भन्नेले भन्नेछन्, भएकै विश्व सम्पदाहरु पुनर्निर्माण गर्न र संवर्द्धन गर्न सकिएको छैन, केको मूर्तिकला उद्यानको कुरा? तर्क आफैमा गलत होइन। तर त्यस्तै तर्क गरिएका भए आज विश्वका प्रायः सांस्कृतिक, कलात्मक र अन्तर्राष्ट्रिय गौरवका केन्द्र बन्ने नै थिएनन्, जसले ती हरेक देशका नागरिकको जीवनस्तर र राष्ट्रको गौरव बढाएका छन्। ती सबै केन्द्र तत्तत् देशका विविध तात्कालिक प्रतिकूलतामाझ नै बनाइएका हुन्। अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान निर्माणका लागि त प्रधानमन्त्री ओलीले धेरै ठूलो ऊर्जा, समय र स्रोत खर्च गर्न पर्दैन। तलका काम गरे पुग्छ-। क्रमशः...

सूदर्शन वचत तथा ऋण सहकारी संस्था लि., उर्लाबारी-५ को

१६ औं बार्षिक साधारण सभासम्बन्धी सूचना

यस **सूदर्शन वचत तथा ऋण सहकारी संस्था लि.** उर्लाबारी-५ को मिति २०८३ साल भाद्र ३१ गते बुधबारका दिन बसेको संचालक समितिको बैठकको निर्णयबमोजिम यस संस्थाको १६ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा सुसम्पन्न हुने भएकोले शेयर सदस्यज्यूहरु स्वयं उपस्थित भइ प्रतिवेदनमाथि कुनै किसिमको राय, सल्लाह, सुझाव र प्रतिक्रिया भए लिखित रुपमा उपलब्ध गराइदिनु हुन साथै बैठक पुस्तिकामा हस्ताक्षर समेत गरिदिनु अनुरोध गरिन्छ।

बैठक पुस्तिका हस्ताक्षर खुल्ला गरिने मिति, समय र स्थान:

➢ मिति : २०८३ कार्तिक १४ गतेदेखि १७ गतेसम्म।

क्रस	मिति	इकाइ	स्थान
१	२०८३।०७।१४ गते शनिबार	पथरी सेवा केन्द्र	कार्यालय परिसर
२	२०८३।०७।१५ गते आइतबार	मधुमल्ला सेवा केन्द्र	कार्यालय परिसर
३	२०८३।०७।१६ गते सोमबार	दमक सेवा केन्द्र	कार्यालय परिसर
४	२०८३।०७।१७ गते मंगलबार	उर्लाबारी सेवा केन्द्र	जय बशिष्ट रिर्सोट उर्लाबारी ४
५	२०८३।०७।१७ गते मंगलबार	माइन्युट प्रमाणीकारण तथा समापन	जय बशिष्ट रिर्सोट उर्लाबारी ४

➢ समय: बिहान १०.३० बजेदेखि बेलुकी ५ बजेसम्म।

साधारणसभामा छलफल हुने विषयहरू:

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन अध्ययन गरी पारित गर्ने सम्बन्धमा।
२. संस्थाको आ.ब. ०८२/०८३ को लेखापरीक्षण प्रतिवेदनमाथि अध्ययन गरी पारित गर्ने सम्बन्धमा।
३. आ.ब. ०८२/०८३ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन सम्बन्धमा।
४. लेखासमितिको प्रतिवेदन अध्ययन गरी पारित गर्ने सम्बन्धमा।
५. चालु आ.ब. ०८३/०८४ को भावी नीति, कार्यक्रम, बजेटमाथि अध्ययन गरी पारित गर्ने सम्बन्धमा।
६. चालु आ.ब. ०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
७. संस्थाको आफ्नै भवनमा कार्यालय स्थापना गर्नका लागि घर-घडेरी खरिद गर्ने सम्बन्धमा।
८. संस्थाको प्रकृति मिल्ने उपयुक्त संस्थासँग एकिकरण (मर्ज) गर्ने सम्बन्धमा।
९. इकाइ साधारणसभाको माइन्युट प्रमाणीत गर्न प्रतिनिधि छनौट गर्ने सम्बन्धमा।
१०. अन्तिम माइन्युट प्रमाणीकरण गर्न प्रतिनिधि छनौट गर्ने सम्बन्धमा।
११. विविध:

नोट १) वार्षिक साधारणसभामा सहभागी हुन आउँदा संस्थाले उपलब्ध गराएको परीचय पत्र वा बचत पास बुक अनिवार्य रुपमा लिएर आउनु पर्नेछ। १० किता शेयर अनिवार्य भएको हुनुपर्नेछ।
२) वार्षिक साधारणसभामा रुरुरुरु सहभागी सदस्यहरुलाई पारवाहन भत्ता रु. ५००/- (अक्षरेपी पाँच सय रुपैयाँ मात्र) मा करकट्टी गरी रकम सम्बन्धित शेयर सदस्यको बचत खातामा जम्मा गरिने छ।

अध्यक्ष
सूदर्शन वचत तथा ऋण सहकारी संस्था लि.
उर्लाबारी-मोरङ

दैनिक राशिफल

आज मिति २०८३ साल असोज १० गते शनिबार
26 Sept. 2026
तिथि: पूर्णिमा

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

मेष (चु चे लो ला लि लँ ले लो अ): अध्ययनमा सफलता। धन लाभ, मन खुशी।

वृष (इ उ ए ओ वा वि वु वे वो): शत्रु पत्र सक्रिय रहने। धेरै सावधानी अपनाउनु होला।

मिथुन (का कि कु घ ङ छ के को हा): मन खुशी। गरेका कामहरुमा सफलता।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो): ब्यापार व्यवसायमा लाभ। धन सम्पति जोडिने।

सिंह (मा मि मु मे मो टा टि टु टे): वैदेशिक रोजगारीमा असफलता। स्वास्थ्यमा भने सुधार।

कन्या (टो प पी पँ ष ण ठ पे पो): लेनदेन गर्दा सावधानी अपनाउनु पर्ने। विश्वासघात होला।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते): आर्थिक पक्ष कमजोर। मनमा अनेकौ कुरा खेल्ने।

वृश्चिक (तो ना नि नँ ने नो या यि यु): नयाँ ठाउँको भ्रमण योग। मिष्ठान्न भोजन प्राप्ती।

धनु (य यो भा भी भ धा फा ढ भे): धर्मकर्ममा मन जाने। मनमा उत्साह बढेर आउने।

मकर (भो जा जी खि खू खे खो गा गी): पठन पाठनमा सुधारको खाँचो। परिश्रम धेरै नै गर्नुपर्ला।

कुम्भ (गँ गे गो सा सी सँ से सो द): मनमा खटपटि। स्वास्थ्यमा केही सुधार।

मीन (दि दु थ झ ञ दे दो चा ची): मित्रहरुबाट सहयोग। आफन्तजनसँग भेटघाट।

स्वर्णलक्ष्मी सहकारीको साधारण सभा

दमक/ दमकमा मुख्य कार्यालय रहेको स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आˆनो १७औँ साधारण सभा विविध कार्यक्रमका साथ सम्पन्न गरेको छ ।

शुक्रवार दमकको कस्मिक पार्टी प्यालेसमा आयोजित प्रधान कार्यालय इकाइ ५ अन्तरगत कार्यक्रम सम्पन्न भएको हो । अध्यक्ष बुद्धिसागर बरालको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख आतिथ्यता संस्थाकै ज्येष्ठ ज्येष्ठ सदस्य तथा सञ्चालक तुलसीराम प्रसाईँले गरेका थिए । कार्यक्रममा प्रसाईंले स्वर्णलक्ष्मी सहकारीले स्थानीय स्तरमा पुऱ्याएको योगदानको प्रशंसा गरका थिए ।

[illegible]

झापाका....महाधिवेशनअन्तर्गत भएको नगर अधिवेशनबाट नगर सभापतिमा कार्की निर्वाचित भएका हुन्। नगर सभापति पदका लागि भएको निर्वाचनमा कार्कीले १७४ मत प्राप्त गर्दै विजयी भएका भए उनका प्रतिस्पर्धी इन्जिनियर भानु आचार्यले ९० मत प्राप्त गरे ।

कुल २७२ मत खसेको निर्वाचनमा ८ मत बदर भएको थियो। कार्कीले आचार्यलाई ८४ मतको अन्तरले पछि पार्दै नगर सभापतिको जिम्मेवारी प्राप्त गरेका हुन् ।

निर्वाचनअघि गौरादह नगर सभापति पदमा कार्की र आचार्यबीच प्रतिस्पर्धा हुने निश्चित भएको थियो। उम्मेदवारीका

क्रममा आचार्यले पार्टी संगठनलाई थप गतिशील बनाउने, युवाको सहभागिता बढाउने तथा नयाँ सोचका साथ संगठनलाई अघि बढाउने विषयलाई प्राथमिकतामा राखेका थिए ।

गौरीगञ्ज सभापतिमा पुनः राजवंशी

कांग्रेस गौरीगञ्ज पालिका सभापतिमा अघ्नु राजवंशी निर्वाचित भएका छन् । विहिबार सम्पन्न गाउँ अधिबेशनको निर्वाचन कार्यक्रमबाट राजवंशीले ७३ मत ल्याई सभापतिमा विजयी भए । सभापतिका प्रत्यासीद्धय हरिलाल यादवले ३५ र सेवालाल राजवंशीले २८ मत प्राप्त गरेका निर्वाचन समितिले जनाएको छ ।

गौरीगञ्ज १ का वडाअध्यक्ष समेत रहेका राजवंशीको पार्टी सभापतिमा यो दोश्रो कार्यकाल हो ।

यसैगरि, सचिवमा ९५ मत ल्याएर राजेन्द्र ताजपुरिया विजयी हुदाँ उनका प्रतिष्पर्धी दिपेन्द्र यादव ३८ मत प्राप्त गरेका थिए । निर्वाचनमा १५० मत खसेको थियो ।

कन्काईमा प्रसाई सभापतिमा निर्वाचित

नेपाली कांग्रेसको कन्काई नगर सभापतिमा दुर्गाप्रसाद प्रसाई निर्वाचित भएका छन् । नगर अधिवेशनमा नयाँ नेतृत्व चयनका लागि सहमति नभएपछि निर्वाचन भएको थियो । निर्वाचनमा १२६ मत ल्याई प्रसाई नगर सभापतिमा निर्वाचित भएका हुन् । उनका प्रतिष्पर्धी सन्तोषकुमार रायमाझीले १०१ मत ल्याएका छन् ।

त्यस्तै उपसभापतिमा ११६ मत ल्याउँदै केशवप्रसाद शर्मा निर्वाचित हुँदा उनका प्रतिष्पर्धी चन्द्र निरौलाले १११ मत पाएका छन् । महिला उपसभापतिमा १२३ मतसहित रेनुका उप्रेती विजयी हुँदा उनका प्रतिष्पर्धी टिकादेवी खरेल ९७ मतमा सीमित भएकी छन् ।

त्यस्तै सचिवमा दिपक खतिवडा १२० मत ल्याउँदै निर्वाचित भएका छन् भने सचिवकै उम्मेदवार हरिप्रसाद फुँयलले १०६ मत हासिल गरेका छन् । त्यस्तै सहसचिवमा भुवन खतिवडा १२५ मतसहित निर्वाचित हुँदा उनका प्रतिष्पर्धी मेघनाथ आचार्यले ९६ मत ल्याएका छन् ।

त्यस्तै सदस्यतर्फ भएको निर्वाचनमा ९६ मतसहित बसन्त थपलिया निर्वाचित हुँदा ६० मत पाएका सुवास भण्डारी पराजित भएका छन् ।

साविक...प्रधानमन्त्री बालेन्द्र शाहका तर्फबाट संघीय संसद् सचिवालयमा दर्ता गरिएको 'केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' ले अध्यादेश खारेजीका कारण प्रभावित भएका कानुनहरूलाई साबिककै अवस्थामा फर्काउन खोजेको हो ।

गत २०८३ वैशाख १९ गते जारी भएको 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश' संविधानको धारा ११४ अनुसार हाल निष्क्रिय भएको छ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०८बस्ने उमाकान्त ढकालको नाममा दर्ता कायम रहेको राजघाट-७/क को कि.नं. ३१४ ज.वि. ०-१०-०-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्बतर्फ सँधियार बिकाश मगर उपस्थित नहुनु भएको हुँदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि बोलपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/०९)

नगरपालिकाको वडा नं. ८ मा निर्माण भएको अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीका लागि तपसिल अनुसारका शर्तहरू उल्लेख गरी ११ (एघार) दिने बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको हुँदा ठेक्कामा भाग लिन चाहने कम्पनी/फर्महरूले तपसिलका सेवा शर्तका बन्देजमा रही कार्यालयमा बोलपत्र फाराम खरिद गरी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि. न.	ठेक्का नं.	बोलपत्रको नाम	न्युनतम ठेक्का अंक वार्षिक रु. (भ्याट बाहेक)	धरौटी रकम
१	DMO/JHAPA/AGRI/02/083/084	अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्य, दमक ८ (Operation and Management Work of Organic and Local Agriculture Market Centre, Damak 8)	३४,०८,०००/- (अक्षरेपी चौँतिस लाख आठ हजार रुपियाँ मात्र)	कबोल रकमको ५%

शर्तहरु : १. इच्छुक प्रस्तावदाताले रकम कबोल गर्दा वार्षिक रुपमा कबोल गर्नुपर्नेछ। सोही बमोजिम ५% धरौटी रकम जम्मा गर्नुपर्नेछ।
२. बोलपत्र फाराम र सो सँग सम्बन्धित कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिने छ। धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ।

(धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

क्रस	कार्यालय / कोड नं.	बैंकको नाम	धरौटी खाता नं.
क	दमक नगरपालिका	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	२१४०१००३०३००००२

नोट : *कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खातामा जम्मा गरी बैङ्क भौचर वा दमक नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।*

३. कार्यालयमा बोलपत्र फाराम खरिद गरी बोलपत्र पत्र पेश गर्न चाहने बोलपत्रदाताले दमक नगरपालिकाको आन्तरिक राजश्व खाता (खाता नं. २१४०१००३०१०१०००२) मा रु. ३,०००/- (अक्षरेपी तीन हजार रुपियाँ मात्र) बुझाई कार्यालयबाट बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।
४. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ११ औं दिन मिति २०८३/०६/२० गते कार्यालय समयभित्र कार्यालयमा फाराम खरिद गरी सक्नुपर्नेछ।
५. उक्त बोलपत्र मिति २०८३/०६/२१, दिनको १२:०० बजेसम्ममा कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। सोही रुदिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ। बोलपत्र खोल्ने समयमा प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरी ठेक्का सम्झौता नगरे सम्म अन्य बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटी बाट हिसाव मिलान गर्न पाइने छैन।
७. बोलपत्रदाताले आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रीतपूर्वकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाणपत्र,नवीकरण भएको दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाण र स्व:घोषणा पत्र साथै अन्य आवश्यक सम्पूर्ण कागजात बोलपत्र फाराम साथ कागजातहरुको प्रतिलिपी संलग्न राख्नु पर्नेछ।
८. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म छुट दिन सकिनेछ। १३% प्रतिशत मु.अ.कर र १.५% प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराइने छैन। उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई दमक नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २१४०१००३०१०१०००२ मा दाखिला गर्नुपर्नेछ।
९. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफी दिइने छैन।
१०. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरेको ठेक्का सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।
११. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ। तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमश: दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ। यो प्रकृयाको क्रमश: दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ।
१२. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ।
१३. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।
१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।
१५. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन, कानुन र कवुलियतका शर्त एवम् सार्वजनिक हितको सिद्धान्तका आधारमा नगरपालिकाले तय गरेबमोजिम हुनेछ ।

अर्गानिक तथा रैथाने कृषि बजारसँग सम्बन्धित अन्य शर्तहरू:

१. अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्य प्रचलित कानुन तथा "अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र विकास, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" अनुसार गर्नु गराउनु पर्नेछ।
२. कृषि बजार केन्द्रको संरचनाहरु जुन जस्तो अवस्थामा रहेका छन् सोही अवस्थाबाट सञ्चालन, व्यवस्थापन गर्नु पर्नेछ।
३. कृषि बजार केन्द्रमा आफूलाई तयार गरेको प्रारुप/प्रस्ताव अनुरुप संरचना निर्माण, कोठा थप, पार्टेसन, डेकोरेशन गर्नुपर्ने भएमा नगरपालिकाको अनुमति लिनु पर्नेछ।
४. कृषि बजार केन्द्रको सञ्चालन व्यवस्थापनको सम्झौता भएपश्चात् खानेपानी, विद्युत लगायतका महसुल कबोल/सम्झौता गर्ने पक्षले बुझाउनु पर्नेछ।
५. कृषि बजार केन्द्रको सञ्चालन तथा व्यवस्थापन पश्चात् हुन आउने मर्मत सम्भारको कार्य आफैंले गर्नु पर्नेछ।
६. सो केन्द्रमा रहेको कोल्ड स्टोर सञ्चालन र व्यवस्थापनको लागि समेत प्रस्ताव पेश गर्नुपर्नेछ। कोल्ड स्टोर सञ्चालन गर्दा निर्धारण गर्नुपर्ने शुल्क/महसुल/दर नगरपालिकाद्वारा तय गरिने छ। उक्त कोल्ड स्टोर सञ्चालन बापतको खर्च आर्थिक भारका सम्बन्धमा आपसी समझदारीमा तय गरी कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ।
७. कृषि बजार केन्द्र सञ्चालन र व्यवस्थापन गर्दा त्यहाँ रहेका संरचनाहरुको मूल स्वरुपलाई परिवर्तन गर्न पाइने छैन।
८. कृषि बजार केन्द्रमा मदिरा तथा सुर्तीजन्य सामाग्रीहरुको विक्रीवितरण तथा भण्डारण गर्न पाइने छैन।
९. कृषि बजार केन्द्रमा होटल या गेष्टहाउस सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्न पाइने छैन।
१०. कृषि बजार केन्द्रलाई कोशेली घर/रैथाने कृषि उपज स्थल पहिचान स्थापना गर्ने गरी समेत कार्य गर्नु पर्नेछ।
११. कृषि बजार केन्द्र सञ्चालन र व्यवस्थापन गर्न कबोल र सम्झौता गर्ने पक्षले अन्य कुनै व्यक्ति, पक्षलाई हस्तान्तरण गर्न पाउने छैन।
१२. अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न प्रस्ताव पेश गर्ने पक्षले बजार केन्द्र सञ्चालनको सामान्य प्रारुप/प्रस्ताव समेत अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नु पर्ने छ। प्रारुप/प्रस्ताव पेश नगर्ने या समावेश नभएको बोलपत्रलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन।
१३. यो सूचनामा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।
१४. कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने अवधि सम्झौता मितिले ५ (पाँच) बर्षको हुनेछ।
१५. बोलपत्र स्वीकृत भए पश्चात् सम्झौता गर्ने पक्षले आफुले कबोल गरेको रकमको १ बर्ष बराबरको रकम अग्रीम जम्मा गर्नु पर्नेछ र बाँकी अवधिको लागि सम्झौता अवधिको अन्तिम म्याद भन्दा ६ महिना बढी अवधि भएको कार्यसम्पादन जमानत (Bank Guarantee) पेश गर्नु पर्नेछ।
१६.सम्झौता भएपश्चात् कुनै बहाना या अवस्था देखाई सम्झौता अन्य गर्न पाइने छैन। सम्झौता अन्त्य हुने अवस्था भएमा बैंक जमानत रकम जफत गरिने छ।

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, मुद्रणः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com